# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल
म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०**

| क्र.स. | विधेयकको | | | | संशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्न पर्ने कारण |
| १. | ३ | १ | | | नेपाल सरकारको नीति तथा कार्यक्रम, बजेट, आवधिक योजना र क्षेत्रगत नीति तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताद्वारा सिर्जित दायित्व समेतका आधारमा प्रत्येक मन्त्रालयले चालू आर्थिक वर्षमा निर्माण गर्नु पर्ने विधेयक पहिचान गरी प्रत्येक वर्षको जेठ महिना भित्र विधेयकको प्राथमिकताक्रम खुलाई कानून मन्त्रालयमा पठाउनु पर्नेछ। | "आवधिक योजना" भन्ने शब्दहरु पछि "सर्वोच्च अदालतले नेपाल सरकारलाई दिएको निर्देशन" भन्ने शब्दहरु थप्ने र "जेठ महिना" भन्ने शब्दको सट्टा "माघ महिनाको १५ गते" राख्ने । | सर्वोच्च अदालतले नेपाल सरकारलाई दिएको निर्देशन धेरै भए पनि संसदमा छलफल धेरै नहुने भएकाले कानूनी आधारमै निर्देशनको पालना गर्ने बाटो खुलाउनका लागि र जेठमा मात्रै आगामी आर्थिक वर्षमा निर्माण गरिने कानून निर्धारण गर्दा ढिला हुने भएकाले पूर्व बजेटको तयारी हुने बेलामा नै सम्भावित विधेयकको प्राथमिकता तयार गरि त्यसै अनुरूप बजेट निर्माण पनि गर्न सहयोग गर्नका लागि । |
| २. | ३ | ३ | | | उपदफा (२) बमोजिमको वार्षिक कार्यतालिका कानून मन्त्रालयले संघीय संसदमा पठाउनुपर्नेछ । | "कानून मन्त्रालयले" भन्ने शब्दपछि "फागुन महिनाको ७ गतेभित्र अर्थ मन्त्रालय र" भन्ने शब्द थप्ने । | समयसीमा तोकेर जवाफदेही बनाउनका लागि र पूर्व बजेट निर्माण गर्न अर्थ मन्त्रालयलाई सहजीकरण गर्नका लागि । |
| ३. | ३ | ४ | | | यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विषयमा तत्काल विधेयक तर्जुमा गर्नु परेमा यस दफाको व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन । | हालको व्यवस्थापछि "तर कुनै पनि आर्थिक वर्षमा पेश गरिने जम्मा विधेयक सङ्ख्याको कम्तीमा ८०% विधेयक पूर्वनिर्धारित कार्यतालिका बमोजिम नै हुनुपर्नेछ ।" भन्ने वाक्य थप गर्ने । | तत्काल विधेयक तर्जुमा गर्नुपर्‍यो भन्ने बहानामा कार्यतालिका नै नबनाइने वा निष्प्रभावी बनाउन सक्ने खतरालाई रोक्नका लागि र पूर्वनिर्धारित कार्यतालिकामा सरकारलाई प्रतिबद्ध, जिम्मेवार र जवाफदेही बनाउनका लागि । |
| ४. | ३ | ५ | | | उपदफा थप गरि यसपछिको क्रम मिलाउने | "उपदफा ४ अनुसार नेपाल सरकारले स्वीकृत गरेको अवधारणापत्रमाथि संघीय संसद्का सदस्यको सल्लाह, सुझाव र धारणा लिनका लागि संघीय संसद् सचिवालयमार्फत् पत्राचार गर्नुपर्नेछ ।" | कानून मस्यौदा प्रक्रियामा नै नागरिकका प्रतिनिधिका रूपमा संघीय संसदका सदस्यलाई प्रत्यक्ष सहभागी गराउनका लागि । |
| ५ . | ५ | २ | | | उपदफा थप गरि यसपछिको क्रम मिलाउने | उपदफा (१) पछि देहाएको उपदफा थप गरिने छ:<br>"उपदफा (१) बमोजिम मस्यौदा सँगै सो विधेयक पारित भएपछि कार्यान्वयनमा हुने सबै खर्चको आर्थिक विश्लेषण समेत तयार गरि पेश गर्नुपर्नेछ।" | कुनै विधेयकले देशको कति नयाँ आर्थिक दायित्व सिर्जना गर्छ र सो को व्यवस्थापन बारे सुरुमा नै थाहा हुनु पर्ने भएकाले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ . | ६ | २ | | | "उपदफा (१) बमोजिमको छलफलको अतिरिक्त सम्बन्धित मन्त्रालयले सर्वसाधारणसँग लिखित रूपमा राय सुझाव समेत माग गर्न सक्नेछ ।" | "उपदफा (१) बमोजिमको छलफलको अतिरिक्त सम्बन्धित मन्त्रालयले सर्वसाधारणसँग लिखित तथा अनलाइनमार्फत राय सुझाव समेत माग गर्नुपर्नेछ । यसरी राय सुझाव माग गर्दा अपाङ्गता भएका व्यक्तिले पनि सहज पहुँच राख्न सक्ने गरी मल्टिमिडिया प्रतिक्रिया स्वीकार गर्ने व्यवस्था गर्नुपर्नेछ । राय सुझाव माग गर्दा जनताले सरल, सहज र स्पष्ट भाषामा विभिन्न संचार माध्यम मार्फत सो विधेयकको असर, दैनिक जीवनमा पर्ने प्रभाव र राष्ट्रको समग्र विकासमा हुने योगदान बारे जानकारी समेत दिनुपर्नेछ। " | लिखित रूपमा राय सुझाव बुझाउन असमर्थ सबै नागरिकलाई समावेश गर्न साथै कानून निर्माण प्रक्रियालाई समावेशी, भेदभावरहित र पहुँचयोग्य बनाउनका लागि । |
| ७ . | ६ | ३ | | | उपदफा (१) र (२) बमोजिम प्राप्त राय सुझावको आधारमा विधेयकको मस्यौदा परिमार्जन गरी सम्बन्धित मन्त्रालयले विधेयकको मस्यौदा र देहायको विवरण आफ्नो वेबसाइटमा बढीमा तीस दिनसम्म उपलब्ध हुनेगरी प्रकाशन गर्नुपर्नेछ ।" | "बढीमा" भन्ने शब्दको सट्टा "कम्तीमा" भन्ने शब्द राख्ने । | जवाफदेहिता वृद्धि गर्नका लागि । |
| ८. | ८ | घ | | | खण्ड थप | खण्ड (ग) पश्चात् देहाएको खण्ड थप गर्ने:<br>"(घ) संवैधानिक आयोगको क्षेत्राधिकार अन्तर्गतका कुनै संरक्षित समूह, समुदाय वा वर्गलाई असर पर्ने देखिने वा सो समूह, समुदाय, वर्गको हक, हित, संरक्षणसँग सम्बन्धित विषय भए सो समुदायसँग सम्बन्धित संवैधानिक आयोगहरुको। " | अधिकारमा आधारित (Rights based) संवैधानिक आयोगहरुको मूल कार्य नै सरकारलाई नीतिगत सल्लाह दिने भएतापनि सो कार्यान्वयन नभएकाले बाटो खुलाउनका लागि। |
| ९. | २५ | २ | | | "उपदफा (१) बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्न पठाइएको ऐन वा अध्यादेश सामान्यतया त्यसरी प्रकाशन गर्न पठाएको भोलिपल्टसम्म कानून मन्त्रालयको वेवसाइटमा राखिनेछ।" | उपदफा (१) पछि देहाएको उपदफा थप गरिने छ:<br>"उपदफा (१) बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्न पठाइएको ऐन वा अध्यादेश सामान्यतया त्यसरी प्रकाशन गर्न पठाएको भोलिपल्टसम्म कानून मन्त्रालयको वेवसाइटमा देहाएको विवरण पूरा हुने गरि राखिनेछ:<br>(क) पिडिएफ फर्म्याटमा सोझै परिच्छेद र दफामा जान मिल्ने आउटलाइन/बुकमार्क सहित<br>(ख) अनलाइन मात्रै हेर्न मिल्ने संस्करणमा हाईपरलिंक (hyperlink) सहितको विषयसूची राखी " | विधुतीय माध्यमबाट कानूनको पहूँच सहजीकरण गर्नका लागि। |
| १०. | ३८ | | | | दफा थप | "कुनै कानून निर्माण गर्नुपर्ने आवश्यकता औंल्याएर कम्तीमा दस हजार नेपाली नागरिकले कुनै विधेयकको प्रस्ताव वा प्रस्तावको मस्यौदा तयार गरी पेश गरेमा वा दस हजार नेपाली नागरिकले भौतिक वा अभौतिक हस्ताक्षर संकलन गरी बुझाएमा नेपाल सरकारले त्यसलाई सरकारी प्रस्तावका रूपमा संसदमा पेश गरी छलफल गर्नुपर्नेछ ।" | कानुन निर्माणमा Bottom Top approach को व्यावहारिक कार्यान्वयनका लागि र नागरिकको प्रत्यक्ष संलग्नता सुनिश्चित गर्नका लागि । |
| ११. | ३९ | | | | दफा थप | "कुनै पनि संघीय सांसदलाई गैर सरकारी विधेयक तर्जुमा गर्न आवश्यक अध्ययन, अनुसन्धान र परामर्श सेवा संघीय संसद सचिवालय वा सम्बन्धित मन्त्रालयले उपलब्ध गराउन सकिनेछ।" | सांसदले गैर सरकारी विधेयक पेश गर्न कुनै सहयोग नभएकाले संशोधन गर्न आवश्यक रहेको |
| | | | | | | | |

(१) नाम, थर: सुमना श्रेष्ठ दस्तखत: क्र. स.: २५२ मिति २०८१ - ०४ - ०९